# सञ्चारिका लेखमाला

## Sancharika Feature Service

वर्ष ९ अंक १० मासिक असोज/कात्तिक October 2006


- *एड्सले भताभुङ्ग पारेको जिन्दगी* — भावना जोशी
  एचआईभी सङ्क्रमितको सङ्घर्षमय जीवन
- *लुकेरै गर्भ फाल्नुपर्दाको पीडा !* — विष्णु शर्मा ज्ञवाली
  लोग्नेलाई थाहै नदिई गर्भ फालेँ
- *आमा बन्दा जागिर गुम्यो* — लक्ष्मी आचार्य
  आमा बन्नु अभिशाप पो भो
- *जीवन नै सडकमा* — निशा विश्वकर्मा
  सडकको काम स्थायी, जागिर भने अस्थायी
- *कानुनको अभाव, पीडकको रवाफ* — सुम्निमा काफ्ले
  सार्वजनिक ठाउँमा महिलामाथि दुर्व्यवहार
- *पीडित महिलालाई मल्हम* — पविता पौडेल
  घरेलु हिंसाविरुद्ध संगठित हुँदैछन् महिलाहरू
- *अझै फर्केनन् द्वन्द्वपीडितका दिन* — सीता निरौला
  न शान्ति वार्ता नै भयो न जमुनाको पीडा नै कम




सञ्चारिका समूह/नेपाल

# एड्सले भताभुङ्ग पारेको जिन्दगी

**आर्थिक अभावका कारण कमाउन भारत गइरहने सुदूरपश्चिम पहाडका लोग्नेमान्छे घर फर्किँदा एड्सको जीवाणु बोकेर फर्किन्छन् । त्यसपछि श्रीमती पनि एड्सरोगी बन्छन् । एड्सले लोग्नेको मृत्यु हुन्छ, तर त्यसपछि एचआईभी सङ्क्रमित श्रीमतीले भोग्ने पीडा भने झनै दर्दनाक हुन्छ । यही पीडाबाटै सिकेर सुदूरपश्चिमका महिलाले आफ्ना लागि आफैं आवाज उठाउन सुरु गरेका छन् ।**

**✍ भावना जोशी**

**अछाम** / अछामको चण्डिका गाविस– १ की ३० वर्षीया मन्सरा भुलले केही समयअघि तीनजना बालबच्चासहित घरभित्रै आत्महत्याको प्रयास गरिन् । उनले छोराछोरीलाई आफैंसँग डोरीले बाँधी मट्टीतेल खन्याएर आगो लगाएकी थिइन् । मान्छेको शरीर न हो, आगोले पोलेको पीडा सहन सजिलो कहाँ थियो र ? नाबालक छोराछोरी पीडाले चिच्याउन थाले । चिच्याहट सुनेर छिमेकीहरू दौडिँदै आए र भएभरको बलबुता लगाई जल्नबाट जोगाए । मर्न चाहँदाचाहँदै पनि छिमेकीले थाहा पाएपछि मन्सरा र उनका तीन नाबालकको ज्यान जोगियो ।

मन्सरा एचआईभी सङ्क्रमित हुन् । कमाउन भारत गइरहने लोग्नेबाट उनमा पनि एचआईभी भित्रिएको थियो । एड्सले लोग्नेको केही वर्षअघि मृत्यु भयो । आफू पनि एड्सरोगी भएपछि उनलाई छोराछोरीको भविष्यको चिन्ता लाग्न थाल्यो, त्यही चिन्ताबाट सामूहिक आत्मदाहको प्रयास गरिन् । “अकालमै मरिने भयो, म मरेपछि बालबच्चाको पालनपोषण कसले गरिदेला, झन् बिजोक होला भनेर सँगै मर्ने निधो गरेकी थिएँ” मन्सरा भन्छिन्, “तर मर्छु भनेर पनि काल नआएपछि मर्न नपाइँदोरहेछ ।”

घरको कमजोर आर्थिक अवस्थाले कमाउन भारत गएका लोग्नेलाई उतै एड्स भएछ । लोग्नेको मृत्युपछि उनलाई पनि आफ्नो मृत्यु नजिकै आएजस्तो लाग्यो । एड्सको उपचार नभए पनि सामान्य रोगको उपचारले आयु लम्बिन सक्छ भन्ठानेर उपचारको प्रयास पनि गरिन्, तर पर्याप्त पैसा भएन । कमाउने लोग्ने नभएपछि छाक टार्ने धौ-धौ भएका बेला उपचारको पैसा झन् कहाँबाट आओस् । त्यसैले छोराछोरीसहित सामूहिक आत्मदाह गर्नुभन्दा अर्को उपाय भएन । “उपचार पनि नहुने, निको पनि नहुने भएपछि मैले जिन्दगीदेखि हार खाएँ,” उनले भनिन्, “छोराछोरीको बिचल्ली हुनुभन्दा सँगै लिएर मर्नु ठीक लाग्यो ।”

मन्सराकै जस्तो पीडा बोकेकी भागेश्वर गाविस-८ की कोकिलालाई पाठेघरको समस्या आइलाग्यो । उपचारका लागि नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल प

भने," निराश मुद्रामा कोकिलाले व्यथा पोखिन् "केही उपाय नभएपछि रित्तोहात फर्किएँ ।"

एचआईभी सङ्क्रमित महिलाले भोग्नुपरेका यस्ता पीडा अछामलगायत सुदूरपश्चिमी जिल्लामा अनगिन्ती भेटिन थालेका छन् । यहाँका अधिकांश लोग्नेमान्छे कमाउन भारतका मुम्बै, दिल्ली, राजस्थानलगायतका ठाउँ जाने गर्छन् र वर्षौं त्यहीँ बस्दा एड्स पनि बोकेर फर्किन्छन् । लोग्नेका कारण एचआईभी/एड्सको सिकार भएका अछामी महिलाका पीडाका कथा सुनिनसक्नु छन् । लोग्नेवियोगको पीडा एकातिर छ, रोग लागिसकेपछि आफू पनि मरिने हो कि भन्ने चिन्ता अर्कोतिर । घरपरिवार, आफन्त र समाजको अपमान र तिरस्कार झनै दर्दनाक छ । एचआईभी/एड्सका रोगीलाई पारिवारिक र सामाजिक मायाममता, सद्भाव र सम्मानको खाँचो हुन्छ । तर, अछामी महिलाले त तिरस्कार, हेला र दुर्व्यवहार मात्र पाएका छन् । यसैकारण धेरैको अकालमै ज्यान गुम्दै गएको छ । यो कहालीलाग्दो स्थितिको सामना गर्न नसकेर कतिपय धमाधम आत्महत्याको प्रयास गर्दैछन् । विभिन्न संस्थाले गरेका अध्ययन प्रतिवेदनमा यो कुरा छर्लंग देखिन्छ । मन्सुरा भुल तिनैमध्ये एक हुन् ।

एचआईभी सङ्क्रमित भएकै कारण डोटीकी धनमाया खत्रीको रोजीरोटीका लागि पाएको कामसमेत गुम्यो । एड्सले लोग्नेको मृत्यु भयो । गुजाराका लागि नजिकैको विद्यालयमा विद्यार्थीलाई हलुवा पकाएर ख्वाउने काम पाइन् । तर काम सुरु गरेको केही दिनमै विद्यार्थीहरू स्कुल आउन छाडे । कारण खोज्दै जाँदा थाहा भयो– उनीबाट एड्स रोग सर्ने डरले विद्यार्थीहरू स्कुलै आउन छाडेका रहेछन् । सङ्क्रमित महिलाले पकाएको हलुवा खाँदा सो रोग सर्ने डरले अभिभावकले आफ्ना बच्चालाई स्कुल पठाउनै छाडेछन् । केही नलागेपछि विद्यालयले उनलाई कामबाट निकाल्यो । धनमाया भन्छिन्, "कमाउने लोग्ने मरिसके, मलाई यस्तो गरे । अब यी बालबच्चाको लालनपालन कसरी गर्ने होला ?"

पतिवियोगमा महिलालाई सबैभन्दा ठूलो पीडा हुन्छ, कति त विक्षिप्त हुन्छन् । एचआईभी सङ्क्रमित

लागि बाँच्ने प्रेरणाको स्रोत बनेकी छन्। आफ्नो पीडादायी विगत सम्झँदै मथुरा भन्छिन्, "एचआईभी सङ्क्रमितलाई गोठमा राख्ने र मर्दा पनि दाहसंस्कार नगर्ने समाजमा बाँच्नु कति पीडादायी हुन्छ, त्यो हामीले भोगेका छौं।" उनले त्यही भोगाइबाट सिकेको ज्ञान अहिले अछाम, डोटीलगायत जिल्लाका एचआईभी सङ्क्रमित महिलालाई बाँच्ने प्रेरणाको स्रोत बनेको छ।

आमाबाबु एचआईभी सङ्क्रमित भए सन्तानले समेत समाजमा दुर्व्यवहार र अपमान खेप्नुपर्ने अवस्था डोटी, अछाममा भेटिन्छ। कतिको त बिहेवारी पनि हुँदैन। समाजबाट बहिस्कृत हुने डरले रोग लुकाएर बस्नेहरू पनि छन्। एड्सरोगीको शव जलाउँदा पनि कीटाणु मर्दैनन्, अरूलाई फैलिन्छन् भन्ने गलत मान्यता अझै कायमै छ, त्यसैले लाश प्लाष्टिकमा बाँधेर गाडिन्छ। यही मान्यता बदल्न मथुरा कुँवरजस्ता महिला दिनरात नभनी खटेका छन्। भन्छिन्, "एचआईभी/एड्स सरुवा रोगझैं सर्दैन भन्ने चेतना जगाउँदैछौं।"

समाजको आँखा खोल्ने काम एक्लो प्रयासबाट सम्भव थिएन। त्यसैले सङ्क्रमितहरूलाई उनले संगठित बनाउन सुरु गरिन्। रोगै लुकाएर बस्ने महिलाहरू बिस्तारै खुलेर परिचय दिने, आफ्ना लागि आफैं बोल्ने गर्न थाले। अहिले अछामका ३० गाविसमा एचआईभी सङ्क्रमित महिलाको संगठन छ, १९ वटा एकल समूह छन्। समूहमा १ सय ८ एचआईभी सङ्क्रमित महिला छन्। उनीहरू खुलेर आफू एचआईभी सङ्क्रमित भएको बताउँछन्। "समाजले अहिले अलिअलि बुझ्न थालेको छ, त्यसैले केही सजिलो छ," मथुरा भन्छिन्।

अछाममा महिलाको यो प्रयास सानो भए पनि उदाहरणीय छ। तर, संगठित भएर आवाज उठाउनेबाहेक महिलाले केही गर्न सकेका छैनन्। यसका लागि उनीहरूलाई समाजको सहयोगको खाँचो छ जो अहिलेसम्म हुन सकेको छैन। त्यसका लागि समाजको चेतनास्तरमै परिवर्तन जरुरी छ, जो राज्य र अन्य गैरसरकारी संस्थाले गर्न सक्छन्। तर, त्यस्तो पहल भने अहिलेसम्म भएको छैन। जिल्लामा गैरसरकारी संस्था गंगोत्री ग्रामीण विकास मञ्चको शोभा कार्यक्रमले यो पहल गरे पनि त्यो निकै कम छ।

□□□

सञ्चारिका लेखमाला/सञ्चारिका समूह

# लुकेरै गर्भ फाल्नुपर्दाको पीडा !

**धेरै सङ्घर्ष गरेर गर्भपतन गराउन पाइने कानुन त आयो। तर, कस्तो गर्भ, कसरी, कहाँ र कति पैसा खर्च गरेर पतन गराउन पाइन्छ भन्ने कुरा गाउँका धेरै महिलालाई थाहा छैन। सरकार पनि कानुन आइहाल्यो भनेर कानमा तेल हालेर बसेको छ। त्यसैगरी महिला तथा मानवअधिकारवादीले पनि खोजेको यही हो गर्भपतन गराउन पाउने कानुन। अब भएन त फसाद। कपिलवस्तुकी अनुवाराजस्ता महिला अहिले पनि गर्भपतन गराउन सीमानजिक भारत पुग्छन् जहाँ महँगो र खतरा पनि हुनसक्छ गर्भपतन। कानुनतः मान्यता पाएको सेवा कसरी स्वदेशमै सर्वसुलभ बनाउने भन्नेबारे सोच्ने बेला आएन त अब।**

**✍ विष्णु शर्मा ज्ञवाली**

**कपिलवस्तु** / "के गर्नु, अति भो। छोराबुहारीले समेत नातिनातिना पाइसके। अब पनि मैले बच्चा पाइरहें भने कसरी मुख देखाउनु भनेर गर्भ फालें," कपिलवस्तु भरसडवाकी ४५ वर्षीया मुसलमान समुदायकी अनुवाराले भनिन्। सीमानजिकै भारतको एक क्लिनिकमा गर्भ फाल्दा उनको आठ सय रुपैयाँ खर्च भयो।

तर, अचम्म यसबारे लोग्नेलाई पनि थाह दिइनन् उनले। मुसलमान समुदायमा गर्भ फाल्नुलाई धार्मिक अपराध ठानिन्छ। यस्तै

परम्परावादी सोचका कारण उनले सुटुक्क यस्तो काम गरिन् । "लोग्नेलाई गर्भपतन गराउनुपर्‍यो भनेको भए उसले ईश्वरले दिएजति थाप्नुपर्छ भन्थ्यो," उनी भन्छिन्, "त्यसैले थाह नदिई गर्भपतन गराएँ ।"

यही रुढीवादी संस्कारका कारण १५ छोराछोरीका आमा बन्न बाध्य भइन् उनी । तर, १६ औं सन्तान भने जन्माउन चाहिनन् । त्यसैले गर्भपतन गराइन् उनले । पन्ध्र छोराछोरीलाई पनि उनले घरमै जन्म दिइन् । न अस्पताल न त सुँडेनीको सहयोग, "गरिब मान्छे कसैलाई बोलायो कि पैसा चाहिन्छ, हातमा पैसा नभएपछि के गर्ने ?" उनी भन्छिन्, "छिमेकीको कुरा त परै जाओस् घरकै श्रीमान्ले समेत बच्चा जन्मिसकेपछि मात्र थाहा पाउँथे । बच्चा जन्मेपछि पनि मैले सबै काम आफैं गर्दथें ।"

अनुवाराका १५ सन्तानमध्ये १४ जीवित छन् । केही समयअघिसम्म बच्चालाई खोप लगाउनुपर्छ भन्नेसम्म उनलाई थाहा थिएन । "अहिले त छोरा-छोरीलाई खोप पनि लगाएकै छु । पहिला धेरै सन्तान भएका कारण दुईछाक खान पनि धौ-धौ थियो । जाडो महिनामा सबै केटाकेटी नाङ्गै कठाङ्ग्रिँदै बस्थे । जाडोबाट बचाउन उनीहरूको शरीरमा खरानी दलिदिन्थें । भएको थोरै खाना छोराछोरीलाई दिएपछि सकिन्थ्यो," उनी भन्छिन्, "आफूहरू भोकभोकै सुत्थ्यौं । हामीले मजदुरी गरेर गर्जो टार्नुपर्थ्यो ।"

एकातिर गरिबीले आङ ढाक्ने र दुईछाक खान सक्ने अवस्था छैन । अर्कोतर्फ भने वर्षेनी सन्तान जन्माउने उनीजस्तै धेरै महिलाको पीडा कपिलवस्तुको यो गाउँमा अहिले पनि उस्तै छ । शैक्षिक चेतनाको अभाव र गरिबीका कारण यहाँका मानिस वर्षेनी सन्तान जन्माउँछन् । र, अनुवाराको जस्तै नियति भोग्छन् ।

कपिलवस्तु जिल्लाको कुल चार लाख ९७ हजार २९ मध्ये करिब १४ प्रतिशत जनसंख्या मुसलमान समुदायको छ । तराई मूलका र मुसलमान समुदायमा अझै पनि कति सन्तान, कति समयको फरकमा जन्माउने भन्ने विषयमा खासै चासो हुँदैन । अझै गरिब परिवारका लागि धेरै सन्तान जन्माउनुपर्छ भन्ने मान्यता रहेको छ ।

रेडियो नेपालबाट बारम्बार बज्ने 'दुई सन्तान ईश्वरको बरदान' भन्ने सन्देश त यो गाउँमा पनि पुग्छ । तर, अहिलेसम्म यो सन्देश पुगेको अनुभूति भने यो गाउँमा भएको छैन । उनीजस्ता धेरै महिला यसरी नै वर्षेनी सन्तान जन्माइरहन्छन् । अनुवाराले त लुकेरै भए पनि गर्भपतन गराइन् । "अब लुकेर होइन, खुलेरै गर्भपतन गराउनुपर्ने अवस्था आएको छ," उनी भन्छिन्, "सन्तान धेरै भएपछि सुख होइन, दुःख बढी पाइनेरहेछ ।"

*"के गर्नु, अति भो । छोराबुहारीले समेत नातिनातिना पाइसके । अब पनि मैले बच्चा पाइरहें भने कसरी मुख देखाउनु भनेर गर्भ फालें," कपिलवस्तु भरसडवाकी ४५ वर्षीया मुसलमान समुदायकी अनुवाराले भनिन् । सीमानजिकै भारतको एक क्लिनिकमा गर्भ फाल्दा उनको आठ सय रुपैयाँ खर्च भयो । तर, अचम्म यसबारे लोग्नेलाई पनि थाह दिइनन् उनले । मुसलमान समुदायमा गर्भ फाल्नुलाई धार्मिक अपराध ठानिन्छ ।*

अहिले पनि ग्रामीण क्षेत्रमा सुरक्षित गर्भपतनको सेवाबारे जानकारी नहुनेको संख्या धेरै छ । थाहा पाएकाहरूमध्ये कतिपयले नजिकमा गर्भपतन गराउँदैनन् । गाउँमा धेरै हल्ला भएपछि घरपरिवारको पनि असहमति होला भनेर धेरै महिला टाढैको सेवा लिन रुचाउँछन् । श्रीमान्ले पनि असहमति जनाउन सक्ने हुनाले गाउँमा सुरक्षित गर्भपतनको सेवा लिन सहज नभएको तर्क चिकित्सक दिन्छन् । र, त्यसैले धेरै महिला अनुवाराजस्तै सीमापारि भारत गएर गर्भपतन गराउँछन् ।

उच्च मातृमृत्यु हुने अधिकांश देशमध्ये पहिलो पंक्तिमा पर्ने नेपालमा गर्भावस्थामा ३५ प्रतिशत मृत्यु असुरक्षित गर्भपतनले हुने गरेको छ । परिवार स्वास्थ्य महाशाखाका निर्देशक डा. पियुषकुमार राजेन्द्र भन्छन्, "सुरक्षित गर्भपतन सुरक्षित मातृत्वको एउटा अंश हो । सुरक्षित गर्भपतनको सफलताले महिलाको ज्यान मात्र

*अहिले पनि ग्रामीण क्षेत्रमा सुरक्षित गर्भपतनको सेवाबारे जानकारी नहुनेको संख्या धेरै छ । थाहा पाएकाहरूमध्ये कतिपयले नजिकमा गर्भपतन गराउँदैनन् । गाउँमा धेरै हल्ला भएपछि घरपरिवारको पनि असहमति होला भनेर धेरै महिला टाढैको सेवा लिन रुचाउँछन् । श्रीमान्ले पनि असहमति जनाउन सक्ने हुनाले गाउँमा सुरक्षित गर्भपतनको सेवा लिन सहज नभएको तर्क चिकित्सक दिन्छन् । र, त्यसैले धेरै महिला अनुवाराजस्तै सीमापारि भारत गएर गर्भपतन गराउँछन् ।*

जोगिने होइन, भविष्यमा देखिन सक्ने प्रजननजन्य विकृति घटाउनसमेत ठूलो योगदान दिएको छ ।"

अस्पतालले गर्भपतन गर्न आउनेलाई परामर्शसमेत दिन्छ। यस्तो सेवा अहिले ६९ जिल्लामा उपलब्ध छ। सरकारद्वारा एक सय ३३ केन्द्र सुरक्षित गर्भपतनको सेवा लिनका लागि सूचीकृत गरिएका छन्। तोकिएका चिकित्सकले तोकिएका स्थानमा निश्चित शुल्क लिएर सुरक्षित गर्भपतनको सेवा दिन्छन्। नौ सयदेखि एक हजार पाँच सयसम्म तिरेर सरकारी अस्पताल वा स्वास्थ्य सेवामा नै गर्भपतन गराउन सकिने जानकारी परिवार स्वास्थ्य महशाखाका अधिकारी दिन्छन्। सुरक्षित गर्भपतनको सेवा लिएकी काठमाडौं चाबहिलकी एक अविवाहित महिला भन्छिन्, "मैले पाँच हप्ताको गर्भपतन गराउन एक हजार तिरेकी हुँ ।"

नेपालमा गर्भपतन गराउन पाउने कानुनी मान्यता २०५९ सालको असोजबाट दिइएको हो। सुरक्षित गर्भपतनले मान्यता पाएयता लगभग ५९ हजार महिलाले सुरक्षित गर्भपतन गराएको तथ्यांक परिवार स्वास्थ्य महाशाखा टेकुसँग छ। उसको तथ्याङ्कमा सुरक्षित गर्भपतनको सेवा लिनेमध्ये ३१ प्रतिशत अनिच्छुक गर्भ, ५० प्रतिशतले पूर्ण (सन्तान पुगेकाले) परिवार र १३ प्रतिशतले जन्मान्तरको कारण गर्भपतन गराएको छ। सुरक्षित गर्भपतनको सेवाका लागि अहिलेसम्म दुई सय ६० जना चिकित्सक, दुई सय ६ जना नर्सलाई तालिम दिइसकेको छ। परिवार नियोजन संघ, मेरी स्टोप क्लिनिक, सरकारी तथा गैरसरकारी अस्पतालबाट सुरक्षित गर्भपतनको सेवा लिन सकिन्छ ।

कानुनतः गर्भवती महिलाको मन्जुरी लिई १२ हप्तासम्मको गर्भपतन गराउन पाउने प्रावधान छ। जबर्जस्ती वा हाडनाता करणीबाट रहन गएको गर्भ छ भने १८ हप्तासम्म गर्भपतन गराउन सकिने व्यवस्था छ। त्यसैगरी गर्भपतन नगराए गर्भवती महिलाको ज्यान खतरामा पुग्ने वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुने देखिएमा कुनै पनि बेला गर्भपतन गराउन सकिने कानुनी व्यवस्था रहेको छ। तर लिंग छनोटको आधारमा र गर्भवती महिलाको मन्जुरीबिना गरिएको गर्भपतनलाई दण्डनीय मानिन्छ ।

अधिवक्ता सपना मल्ल प्रधान भन्छिन्, "सुरक्षित गर्भपतनले कानुनी मान्यता पाउनु आफैंमा सकारात्मक कुरा हो। यद्यपि, अझै पनि निम्न वर्गका महिलाले यो सेवा लिने पहुँच सहज बन्न सकेको छैन ।"

मल्लका अनुसार सामाजिक मूल्यमान्यताको दबाब र कस्तो अवस्थामा गर्भ फाल्न पाइन्छ भन्ने स्पष्ट जानकारी पनि गाउँका धेरै महिलालाई छैन। १२ हप्तासम्मको गर्भ फाल्न पाउने कानुनी मान्यता छ तर कतिपय महिलालाई आफू गर्भवती भएको समय पनि थाहा हुँदैन। त्यसैले यस्ता विषयमा जानकारी नहुनुले पनि ग्रामीण समुदायका सेवा लिने चाहने ५० प्रतिशतले यस्तो सेवामा आफ्नो पहुँच पुऱ्याउन सकेका छैनन् ।

सुरक्षित गर्भपतनसम्बन्धी जानकारी सर्वसाधारणसम्म पुग्न नसक्नुमा स्वास्थ्य सेवाका कर्मचारीको पनि कमजोरी रहेको स्वीकारोक्ति निर्देशक राजेन्द्रको पनि छ। उनी भन्छन्, "गर्भपतनसम्बन्धी सूचना गाउँगाउँसम्म पुऱ्याउन पनि सकेका छैनन् उनीहरूले ।"

महिलाको शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक स्थितिलाई सबल बनाउन व्यवस्थित जनसंख्या, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य अधिकारलाई विशेष महत्व दिइएको 'जनसङ्ख्या र विकास'मा अनुमोदन गरेका कार्यक्रमहरू कार्यान्वयन गर्न सरकारले सन् १९९४ मा नै अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता जनाइसकेको छ ।

तर, अनुवाराको जस्तो गरिबीको अवस्था अझै पनि ४० प्रतिशत नेपालीले भोग्नुपरेको कुरा मानव विकास सूचकांकले देखाएको छ। अनुवारालाई जति सन्तान भए पनि परिवार नियोजनका साधनहरूको प्रयोग गर्नेबारे कुनै चासो नै लागेन। परम्परागत मान्यताका कारण हुन सक्छ साधनको प्रयोगबारे उनी खुल्न चाहिनन्। उनी भन्छिन्, "मैले अहिलेसम्म केही औषधि खाइनँ भने अब पनि म खान्न। मेरो शरीर पनि त बूढो भइसक्यो। अनि श्रीमान्‌ले पनि परिवार नियोजन गर्ने कुरालाई सहमति दिनुहुन्न नि।"

□□□

सञ्चारिका लेखमाला/सञ्चारिका समूह

# आमा बन्दा जागिर गुम्यो

**भनिन्छ, आमा बन्नु महिलाका लागि जीवनको सबैभन्दा ठूलो खुसी हो। आमा बनेपछि आफ्नो जीवन साँच्चै सार्थक भएको ठान्छन् उनीहरू। तर, महिलालाई आमा बन्नु अभिशाप हुने गर्छ। निजी विद्यालयमा पढाउने शिक्षिकाले आमा बनेपछि विद्यालयमा मानसिक यातनाको शिकार मात्रै होइन, जागिरबाटै हात धुने अवस्था आइलाग्छ। आमा बन्नु अपराध हो त ? तर, उनीहरूले वर्षौंदेखि यही पीडा भोगिरहेका छन्।**

**✍ लक्ष्मी आचार्य**

दाङ / एउटा निजी विद्यालयमा ६ वर्षदेखि पढाउँदै आएकी सिर्जना सुवेदी सुत्केरी भएपछि बिदा बसिन्। तर, सुत्केरी भएको १५ दिनमै दूधेबच्चा काखी च्यापेर स्कुल दौडिनुपर्‍यो। किनकि बिदा बस्दा जागिर गुम्ने अवस्था आइलाग्यो। सुत्केरीको प्रसव पीडामै उनले आफूलाई जागिरबाट हटाइँदैछ भन्ने सुनिन्। दिनभर पढाएर जसोतसो गुजारा चलेको थियो, जागिर गुमेपछि साँझबिहानको छाकै नटर्ने भयो। उनले सुत्केरीको पीडा पनि बिर्सिइन् र बच्चा च्यापेर स्कुल पुगिन्। बिदा बसेपछि उनलाई हटाएर अर्को शिक्षक राख्न लागिएको रहेछ। जसोतसो भनसुन गरी उनले जागिर जोगाइन्।

दाङको त्रिभुवननगर नगरपालिका-११ की २८ वर्षीया सिर्जना निजी विद्यालयकी शिक्षिका हुन्। ६ वर्षसम्म राम्रो शिक्षिका मानेको विद्यालयले 'आमा' बन्नासाथ उनलाई जागिरबाट निकाल्ने षडयन्त्र गर्‍यो। सुत्केरी हुनुभन्दा अघिल्लो दिनसम्म उनले कक्षा लिएकी थिइन्। तर, घर बसेको एक हप्ता नपुग्दै जागिर जाने स्थिति आयो। "एकपल्ट खबरसम्म नगरी हटाउन आँटेका थिए," उनले दुःखेसो सुनाइन्।

दौडधुप गरेपछि सिर्जनाको त जागिर जोगियो, तर रीतालाई सुत्केरी भएपछि विद्यालयले जागिरबाटै निकालिदियो। अन्तर्वार्ता दिन आउँदा उनी गर्भवती थिइन्। झट्ट हेर्दा विद्यालयका प्रिन्सिपल र

*दाङको त्रिभुवननगर नगरपालिका-११ की २८ वर्षीया सिर्जना निजी विद्यालयकी शिक्षिका हुन्। ६ वर्षसम्म राम्रो शिक्षिका मानेको विद्यालयले 'आमा' बन्नासाथ उनलाई जागिरबाट निकाल्ने षडयन्त्र गर्‍यो। सुत्केरी हुनुभन्दा अघिल्लो दिनसम्म उनले कक्षा लिएकी थिइन्। तर, घर बसेको एक हप्ता नपुग्दै जागिर जाने स्थिति आयो। "एकपल्ट खबरसम्म नगरी हटाउन आँटेका थिए," उनले दुःखेसो सुनाइन्। दौडधुप गरेपछि सिर्जनाको त जागिर जोगियो, तर रीतालाई सुत्केरी भएपछि विद्यालयले जागिरबाटै निकालिदियो।*

सञ्चालकले थाहा पाएनन्, क्षमता र योग्यताको जाँच मात्र गरे र विद्यालयमा राखियो। केही महिनापछि

*ग्रेड टिचिङ भनेर महिलालाई सानो कक्षाका विद्यार्थीलाई पढाउन लगाइन्छ । महिलाको बच्चाप्रतिको लगावको फाइदा उठाउने, तर त्यही बच्चा जन्माँदा न्यूनतम सुविधा पनि नदिएर जागिरबाटै निकाल्ने परिपाटी यहाँ छ । "अब यस्तो परिपाटीको अन्त्य हुनुपर्छ" आमा बन्नाले पीडित शिक्षिका सिर्जना भन्छिन्, "निजी विद्यालयले सरकारी नियमअनुसार सुत्केरी बिदा दिनुपर्छ । बिदाको बहानामा जागिरबाट निकाल्नेमाथि कारबाही हुनुपर्छ ।"*

उनी गर्भवती भएको थाहा पाएपछि त्यसैलाई निहुँ बनाई विवाद सुरु गरे र जागिरबाटै निकालिदिए, जतिखेर उनी गर्भवती थिइन् ।

यो सिर्जना र रीताको मात्र पीडा होइन, मञ्जु थापा (नाम परिवर्तन) ले झन् आमा बन्नुको ठूलो मूल्य चुकाउनुपर्‍यो र केही नलागेपछि जागिरबाटै हात धुन बाध्य हुनुपर्‍यो । त्रिभुवननगर-११ की मन्जु एउटा निजी विद्यालयमा शिक्षिका छानिइन्, सो विद्यालयमा शिक्षिका रहेको अवस्थामै उनको विवाह भयो । घर नजिकै थियो, तर विद्यालय प्रशासनले स्कुलको छात्रावासमा बस्नैपर्ने दबाब दियो । बिन्ती गर्दा पनि केही नलागेपछि जागिरकै लागि लोग्ने छाडेर उनी छात्रावासमा बस्न सहमत भइन् । विद्यालय प्रशासनले उनलाई "कि छात्रावासमा बस कि जागिर छाड" भनेको थियो । मन्जु भन्छिन्, "पाएको जागिर छोड्न सकिनँ, बरु जे भने त्यही मानें ।" तर यत्रो त्याग गरेर पनि केही लागेन । गर्भवती भएपछि त उनलाई स्कुलबाटै निकाल्ने षडयन्त्र भयो । उनले विद्यालयले गरेको अत्याचार सुनाउँदै भनिन्, "बच्चा जन्मिने दिन नजिकिँदै गएपछि जागिरबाटै निकालिदिए ।" मञ्जुले आफ्नो साथीलाई पनि ठीक यसरी नै गर्भवती भएपछि विद्यालयबाट निकालिदिएको दुःखद खबर सुनाइन् ।

भनिन्छ- महिलाका लागि आमा बन्नु सबैभन्दा ठूलो खुसीको कुरा हो । आमा बन्दा उनीहरू आत्मसम्मान र गौरवको महसुस गर्छन् । तर, दाङका यी पढेलेखेका, केही गर्ने आत्मविश्वास बोकेका महिलालाई आमा बन्नु नै अभिशाप बन्न पुगेको छ । मानिस संसारको सबैभन्दा चेतनशील र विवेकी प्राणी हो । आमाले जन्म नदिए मान्छे यो धर्तीमै आउँदैन । तर, सन्तानलाई जन्म दिने आमाहरू यस्तो पीडा भोग्न बाध्य छन्, त्यो पनि समाजका शिक्षित र पढेलेखेका भनाउँदाहरूबाट । यसले उनीहरूको मनोविज्ञानमै नराम्रो असर पर्ने गरेको छ, जागिरबाट निकालिँदा पर्ने आर्थिक समस्या त छँदैछ ।

त्रिभुवननगरकै जमुना के.सी. (नाम परिवर्तन) को पीडा अझ दर्दनाक छ । एक छोरीकी आमा भइसकेकी जमुना लामो समयसम्म अर्को बच्चाकी आमा बन्न सकिनन् । घरपरिवार, आफन्त, समाज सबैले नराम्रो दृष्टिले हेर्ने र अपहेलना गर्न थाले । सधैंजसो जाँडरक्सीको नसामा लोग्नेले छोरा जन्माउन नसकेको भन्दै गालीगलौज गर्ने र कुट्ने गर्थे । तैपनि बोर्डिङ स्कुलमा शिक्षिकाको जागिरले धानिएकी उनलाई एउटा छोरा भइदिए यसरी पीडा भोग्नु पर्दैनथ्यो जस्तो लाग्थ्यो । "त्यहीबीचमा गर्भ रह्यो, म निकै खुसी भएँ," जमुना भन्छिन्, "तर त्यो खुसी धेरै दिन रहेन, स्कुलले सुत्केरी बिदा पनि नदिने भएपछि म समस्यामा परेँ ।" बिदा नमिल्ने भएकाले उनलाई दौडधुप गरिरहनुपर्ने भयो । उनी झन् संकटमा परिन् । घरपरिवारको यातनाबाट मुक्ति पाउन बच्चा जन्माउने कि जागिर जोगाउनलाई गर्भ तुहाउने ? "बच्चा जन्मिए मेरो जागिर जाने निश्चित थियो," उनी भन्छिन् ।

नभन्दै त्यही भयो । दौडधुपले गर्दा उनको आशा पूरा भएन । दौडधुप धेरै भयो र गर्भवती अवस्थामा आराम गर्न नपाएपछि बच्चाको गर्भमै मृत्यु भयो । "डाक्टरले धेरै नहिँड्न सल्लाह दिएका थिए । तर जागिर जोगाउने कि बच्चा मैले केही निर्णय गर्न सकिनँ," गहभरि आँसु पार्दै जमुनाले भनिन्, "आफ्नो शरीरको ख्याल नराख्दा बच्चा पनि खेर गयो ।"

सरकारी-निजी सबैमा महिला कर्मचारीले ४५ दिन सुत्केरी बिदा पाउने कानुनी प्रावधान छ । तर, निजी विद्यालयका शिक्षिकाहरू यो कुरै गर्न पाउँदैनन् । बिदाको कुरा गर्दा विद्यालय प्रशासनले दुईवटा प्रश्न तेर्स्याउँछ, "जागिर खाने कि आमा बन्ने ?" उनीहरूले दुईमा एउटा रोज्नैपर्ने बाध्यता छ । चाहेर पनि उनीहरू आमा बन्न नसक्ने अवस्था आइलागेको छ । तर, उनीहरू गर्न केही सक्दैनन्, आखिर त्यसका लागि पनि आफू बलियो त हुनुपर्‍यो नि । घरायसी अवस्था

कमजोर भएर शिक्षिका बनेका महिलाहरू यसमा प्रतिवाद गर्न पनि सक्दैनन् ।

ग्रेड टिचिङ भनेर महिलालाई सानो कक्षाका विद्यार्थीलाई पढाउन लगाइन्छ । महिलाको बच्चाप्रतिको लगावको फाइदा उठाउने, तर त्यही बच्चा जन्मँदा न्यूनतम सुविधा पनि नदिएर जागिरबाटै निकाल्ने परिपाटी यहाँ छ । "अब यस्तो परिपाटीको अन्त्य हुनुपर्छ," आमा बन्नाले पीडित शिक्षिका सिर्जना भन्छिन्, "निजी विद्यालयले सरकारी नियमअनुसार सुत्केरी बिदा दिनुपर्छ । बिदाको वहानामा जागिरबाट निकाल्नेमाथि कारबाही हुनुपर्छ ।"

सुत्केरी बिदा नपाउनु निजी विद्यालयका शिक्षिकाको साझा समस्या हो । शिक्षा ऐन र नियमावलीअनुसार सञ्चालित यी विद्यालयमा सरकारी नियमबमोजिम शिक्षिकाले नपाएका सुविधाका बारेमा आजसम्म कसैले आवाज उठाएको छैन । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) दाङका अध्यक्ष शरदकुमार शर्मा सुत्केरी बिदाको कुरा अहिलेसम्म नउठेको दाबी गर्छन् । ७९ निजी विद्यालयका १ हजार पाँच सय शिक्षकमा महिलाको संख्या करिब चार सय छ । उनी भन्छन्, "प्याब्सनको विधानमा ४५ दिन सुत्केरी बिदा दिने उल्लेख भए पनि जिल्लामा एक महिना बिदा दिने सहमति भएको छ ।" तर, यो सहमति मात्रै हो, शिक्षिकाले बिदा पाएकै छैनन्, किनकि बिदा मागे जागिर धरापमा पर्छ ।

जिल्ला शिक्षा अधिकारी टेकनारायण पाण्डे निजी विद्यालय शिक्षा ऐन तथा नियमावलीअनुसार सञ्चालित भएकोले दुईमहिने सुत्केरी बिदा लागू गर्नैपर्ने बताउँछन् । निजी विद्यालयहरूले बिदा नदिएको सुन्दा अचम्म पर्दै उनले भने, "हामीलाई थाहै छैन ।"

सुत्केरी भइसकेपछिका पाँच हप्ता आमा र बच्चाका लागि अत्यन्तै जोखिमपूर्ण हुने गर्छ । यो अवधिमा उनीहरूलाई पूर्णतया आरामको खाँचो हुन्छ । प्रजनन स्वास्थ्य परियोजना दाङका प्रमुख धनञ्जय पौड्याल भन्छन्, "यो अवधि आमा र बच्चा दुवैका लागि जोखिमपूर्ण हुन्छ ।" यस्तोबेला सुत्केरी बिदा अत्यन्त आवश्यक रहने बताउँदै उनले शैक्षिक संस्थाहरूमा गरिने यस्ता व्यवहारलाई मानवीय संवेदना नै नभएको टिप्पणी गरे । "यस्तै कारणले नेपालमा मातृमृत्यु र बालमृत्युदर बढिरहेको छ," उनले भने ।

*सरकारी-निजी सबैमा महिला कर्मचारीले ४५ दिन सुत्केरी बिदा पाउने कानुनी प्रावधान छ । तर, निजी विद्यालयका शिक्षिकाहरू यो कुरै गर्न पाउँदैनन् । बिदाको कुरा गर्दा विद्यालय प्रशासनले दुईवटा प्रश्न तेर्स्याउँछ, "जागिर खाने कि आमा बन्ने ?" उनीहरूले दुईमा एउटा रोज्नैपर्ने बाध्यता छ । चाहेर पनि उनीहरू आमा बन्न नसक्ने अवस्था आइलागेको छ । तर, उनीहरू गर्न केही सक्दैनन्, आखिर त्यसका लागि पनि आफू बलियो त हुनुपर्‍यो नि । घरायसी अवस्था कमजोर भएर शिक्षिका बनेका महिलाहरू यसमा प्रतिवाद गर्न पनि सक्दैनन् ।*

दाङकी महिला विकास अधिकृत सुशीला शर्मा निजी विद्यालयले सरकारी नियमअनुरूप बिदा दिनुपर्ने बताउँदै भन्छिन्, "सरकारी स्कुलका शिक्षिकाले पाउने सुविधा उनीहरूले पनि पाउनुपर्छ, दोहोरो मापदण्ड हुनुहुँदैन ।" मानव अधिकार जागरण मञ्च दाङकी उपाध्यक्ष सीता सापकोटा सुत्केरी अवस्थाकै कारण महिलाले जागिरबाट हात धुनुपर्ने अवस्थालाई महिला मानव अधिकार हननको निकृष्ट घटना बताउँदै भन्छिन्, "यसले महिलाको मानवअधिकारलाई पूर्णरूपमा बेवास्ता, प्रजनन र रोजगारीको अधिकारलाई कुण्ठित गरेको छ ।" उनी यस विषयमा सबै महिलाले आवाज उठाउनुपर्ने बताउँछिन् ।

□□□

सञ्चारिका लेखमाला/सञ्चारिका समूह

# जीवन नै सडकमा

**पोखरा उपमहानगरपालिकाले लिएको 'स्वच्छ, सफा र हराभरा पोखरा' को नारालाई व्यवहारमा उतार्ने काम सडकमा कूचो लगाउने महिलाले नै गरेका छन् । व्यस्त र फराकिला सडक चिल्ला पार्न धेरै नग्रा पनि यिनै कूचीकार महिलाले खियाइसके । बाटोमै काम गर्दागर्दै छाला चाउरी परिसके, तर पीडा ज्युँकात्युँ । १२ वर्षदेखि अस्थायी, ज्यालादारीमै काम गर्छन् यिनीहरू । खोलामा धेरै पानी बग्यो, नगरपालिकामा धेरै हाकिम फेरिए, तर यिनका समस्या कसैले सुनेन ।**

**✍ निशा विश्वकर्मा**

**पोखरा** / कुखुराको डाकसँगै पोखरा बाटुलेचौर- १६ की माया सुनारको दिनचर्या सुरु हुन्छ। पोखराका व्यस्त सडक सफा राख्न हरपल उनी धस्सिराखेकी हुन्छिन्। एक हातमा खरेटो र अर्को हातमा डोको। मिर्मिरे बिहानीसँगै सुरु हुने उनको काम ६ घन्टासम्म चल्छ। जुन दिन सडकमा काम गर्न भ्याउँदिनन्, त्यस दिन घरमा चुल्हो बल्दैन। यसरी सडक बढार्न थालेको पनि १३ वर्ष बित्यो।

तर, अहिलेसम्म उनी स्थायी हुन सकेकी छैनन्। राजनीतिमा पहुँच र भीड जम्मा गर्न सक्नेहरू स्वतः स्थायी गराउनुपर्ने माग गरिरहेका छन्। ज्यालादारीमा वर्षौंदेखि काम गर्ने माया सुनारजस्ता थुप्रै महिला भने यतिबेला निरीह बनेका छन्। सडकमा बसेर काम गर्ने यी महिलाको पीडालाई कसैले सम्बोधन गरेका छैनन्। "कूचीकारमा काम गरेको यत्रो वर्ष भइसक्यो, स्थायीको कुरा त परै जाओस् थप सुविधा पनि पाइएको छैन," माया भन्छिन्, "हाम्रो आवाज कसले सुनिदिन्छ र यहाँ ?"

लोग्नेले कान्छी श्रीमती ल्याएपछि एक्लै बस्न बाध्य छिन् उनी। काखका दुई छोराछोरी पाल्ने सम्पूर्ण जिम्मेवारी पनि मायाको काँधमा थपिएको छ। उनले तीन कक्षासम्म पढेकी छन्। उनको आम्दानीको स्रोत भनेकै त्यही सडक बढारेबापत आउने पैसा मात्र हो। उनी मासिक ३ हजार ५ सयसम्म आम्दानी गर्छिन्। अहिले त त्यसैबाट गुजारा चलेको छ। जुन दिन जागिरबाट अवकाश पाउँछिन्, त्यस दिन रित्तो हातबाहेक उनले केही पाउने छैनन्। "स्थायी भए भविष्यका लागि पनि केही हुन्थ्यो कि भन्ने छ," उनी भन्छिन्, "सबैले स्थायीको कुरा गरेर आन्दोलन गरेका छन, तर हाम्रा लागि कसैले बोलिदिएको छैन।"

*राजनीतिमा पहुँच र भीड जम्मा गर्न सक्नेहरू स्वतः स्थायी गराउनुपर्ने माग गरिरहेका छन् । ज्यालादारीमा वर्षौंदेखि काम गर्ने माया सुनारजस्ता थुप्रै महिला भने यतिबेला निरीह बनेका छन् । सडकमा बसेर काम गर्ने यी महिलाको पीडालाई कसैले सम्बोधन गरेका छैनन् । "कूचीकारमा काम गरेको यत्रो वर्ष भइसक्यो, स्थायीको कुरा त परै जाओस् थप सुविधा पनि पाइएको छैन," माया भन्छिन्, "हाम्रो आवाज कसले सुनिदिन्छ र यहाँ ?"*

मायाजस्तै चालीस वर्षीया लक्ष्मी गायकको पीडा पनि उस्तै-उस्तै छ। उनले पनि जागिरबाट चार सन्तान पाल्नुपरेको छ। श्रीमान्को मृत्युपछि परिवारको गुजाराका लागि लक्ष्मीले पनि सडक बढार्ने काम सुरु गरिन्। उनले कूचो समाएको पनि नौ वर्ष बित्यो। पीडा जस्ताको तस्तै। "सास धान्ने आधार नै यही हो, अन्य खेतीपाती केही छैन," लक्ष्मी भन्छिन्, "जति घोटिएर काम गरे पनि हाम्रो सुविधा बढेन न त स्थायी हुनै पाइयो।"

पोखरा उपमहानगरपालिकामा ३ सय ४० कर्मचारी छन्। तीमध्ये ९० जना त महिला नै छन्। महिलामध्ये धेरै कूचीकारमा र केही कार्यालय

सरसफाइमा छन् । सरसफाइ शाखाका प्रमुख चुडामणि तिवारीका अनुसार सरसफाइ क्षेत्रमा कार्यरत ५१ महिलामध्ये १७ जना स्थायी भएका छैनन् । उनीहरू वर्षौंदेखि अस्थायी नै छन् । २४ जना पुरुष कूचीकार पनि अस्थायी नै छन् ।

नगरपालिकाले लिएको 'स्वच्छ, सफा र हराभरा पोखरा' को नारालाई व्यवहारमा उतार्ने काम यिनै सकडमा काम गर्ने महिलाहरूले गरिरहेका छन् । व्यस्त र फराकिला सडक चिल्ला पार्न धेरै नग्रा खियाइसके । छाला चाउरी परिसके । तैपनि पीडा ज्युँका त्युँ छन् ।

"उमेर ढल्किसक्यो, अहिलेसम्म ज्यालादारीमै छु," १२ वर्षदेखि अस्थायी ज्यालादारीमा काम गर्दै आएकी ५० वर्षीया सुकमाया गायक भन्छिन्, "जागिर छुटेपछि छोराबुहारी र नातिनातिनाको बिचल्ली हुने भयो ।" उनकै जागिरको भरमा एक छोराबुहारी र तीन नातिनातिना अडेका छन् । "खोलामा धेरै पानी बग्यो, नगरपालिकामा धेरै हाकिम फेरिए, तर पनि हाम्रा समस्या कसैले हेरेनन्," उनी भन्छिन् ।

उनीहरूको तुलनामा पुतली जलारी भने अलि ढुक्क छन् । कारण उनी पाँच वर्षअघि स्थायी भएकी छन् । आफू कति वर्ष भएँ भन्नेसम्म थाहा नभएकी पुतलीको जीवन सडकमा बित्यो । उनले ०३३ सालदेखि सडकमा बढार्ने काम गरेकी हुन् । सुरुमा ६ सय रुपैयाँ थियो उनको तलब । अहिले नगरपालिका र अन्य ठाउँमा काम गरेबापत मासिक ६ देखि ७ हजार आम्दानी गर्छिन् । अरूको भन्दा उनको आम्दानी राम्रो भएको उनी बताउँछिन् ।

एउटा जागिरको भरमा उनले श्रीमान्सहित ६ जनाको बेरोजगार परिवार पाल्नुपर्छ । अन्य अस्थायी कर्मचारीको जस्तै समस्या उनलाई छैन । "स्थायी भएकाले मलाई केही सजिलो छ," उनी भन्छिन्, "अहिले सबै कर्मचारीले स्थायी गर्न माग गरिरहेका छन्, सडकमा काम गर्नेलाई पनि स्थायी गर्नुपर्छ ।"

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले कर्मचारीलाई स्थायी गर्ने व्यवस्था गरेको छ । तर, यति वर्ष काम गरेकालाई स्थायी गर्ने भन्ने प्रावधान छैन । ऐनअनुसार समिति गठन गरी अन्तर्वार्ता वा लिखितबाटै स्थायी गर्न सकिने व्यवस्था भए पनि अहिलेसम्म यो नियम पालना भएको छैन । नियमविपरीत राजनीतिक आस्थाको आडमा स्थायी गर्ने परिपाटी कायमै छ । नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत कृष्णप्रसाद कोइरालाका अनुसार पूर्वमेयर सूर्यबहादुर केसीले ०४६ सालमा राजनीतिक

*"यही सडक पार गरी कति बटुवाले आफ्नो गन्तव्य पहिल्याइसके, तर हामी भने सडकमै छौं," पुतली भन्छिन्, "अरू कर्मचारीलाई जस्तै हामी पनि स्थायी हुन पाए काम गर्न उत्साह आउँथ्यो ।" काम पनि कम्ती गाह्रो छैन । पहिला त सडकमा मरेका चौपायादेखि मानिसका शवसमेत उठाउनुपर्दथ्यो, तर अहिले त्यस्तो छैन । "तैपनि नगरबासीमा चेतना नहुँदा अझै काम गर्न गाह्रो छ," सुकुली गायक भन्छिन्, "काम पनि गर्नुपर्छ, सडकमा मानिसहरू तुच्छ बोलीले हेप्ने गर्छन ।" बिहान ६ बजेदेखि नै सुरु हुन्छ उनीहरूको दैनिकी । तर, नगरबासी भने ८ बजे उठेर घरभित्रको फोहोर सडकमा फालिदिन्छन् ।*

निर्णय गरी १ सय १८ कूचीकारलाई स्थायी गरेका थिए । त्यतिबेला स्थायी हुनेमा कुनै कानुनी प्रक्रियाले नभई राजनीतिक आस्था र चाकडीका भरमा नै थियो । पछिल्लोपटक तीन वर्षअघि पनि यस्तै राजनीतिक निर्णयले कार्यकारी अधिकृत केदारबहादुर बोगटीले माथिल्लो तहका केही कर्मचारीलाई स्थायी गरेका थिए ।

"स्थायी गर्ने कानुनी प्रक्रिया भए पनि अहिलेसम्म राजनीतिक निर्णयका आधारमा भएका छन्" कोइराला भन्छन्, "स्थायीको हकमा अहिलेसम्म स्थानीय स्वायत्त शासन ऐन लागू भएको छैन ।"

अझ सडकमा काम गर्ने त असहाय र निमुखा नै बढी छन् । ३३ जना त वि.क., परियार र गायक जातिका छन । वर्षौंसम्म सुविधाविहीन भएर काम गर्नुपर्दा उनीहरूमा निराशा र कुण्ठाबाहेक केही छैन ।

"यही सडक पार गरी कति बटुवाले आफ्नो गन्तव्य पहिल्याइसके, तर हामी भने सडकमै छौं," पुतली भन्छिन्, "अरू कर्मचारीलाई जस्तै हामी पनि स्थायी हुन पाए काम गर्न उत्साह आउँथ्यो ।"

काम पनि कम्ती गाह्रो छैन। पहिला त सडकमा मरेका चौपायादेखि मानिसका शवसमेत उठाउनुपर्दथ्यो, तर अहिले त्यस्तो छैन। "तैपनि नगरबासीमा चेतना नहुँदा अझै काम गर्न गाह्रो छ," सुकुली गायक भन्छिन्, "काम पनि गर्नुपर्छ, सडकमा मानिसहरू तुच्छ बोलीले हेप्ने गर्छन ।"

बिहान ६ बजेदेखि नै सुरु हुन्छ उनीहरूको दैनिकी। तर, नगरबासी भने ८ बअज्ञट ढन्ढठत गछबज

# कानुनको अभाव, पीडकको रवाफ

एक्काइसौं शताब्दीमा आएर पनि महिला पुरुष भन्ने । महिला र पुरुष सबै बराबर । यो उखानजस्तै भइसक्यो । सबका मुखमा यस्तै कुरा । तर परिस्थिति धेरै फरक रहेछ जो भोग्नेले मात्र थाहा पाउँछ । हो, यस्तै रहेछ, सार्वजनिक ठाउँमा हिँड्ने महिलाका समस्या । व्यस्त जमाना बिहानदेखि बेलुकासम्मै काममा । जता गए पनि सार्वजनिक बस चढ्नैपर्‍यो । भन्दा बस तर बसभित्र चढेपछि उठ । अनि एका–दुई गाडीमा चढेका महिलामाथि पुरुषले गर्ने यौनदुर्व्यवहार । यस्ता समस्या हरेक सार्वजनिक स्थलमा हुने गर्छन्, यसलाई कसरी हटाउने त ? सडकमा बसेकी त हो नि, जे गरे पनि हुन्छ भनेर यौनदुर्व्यवहार गर्नेहरूलाई सबक सिकाउन सावित्रीले उपाय रोजिन् । प्रतिवाद गर्दै गएपछि उनमा साहस पनि थपिँदै गयो । उनी भन्छिन्, "अहिले त त्यो समस्या टरेको छ । सहेर बस्यो भने झन् हेप्छन्, सहनुहुँदैन ।"

✍ सुस्मिमा काफ्ले

**काठमाडौं** / कीर्तिपुरकी सुनिताले बसमा आफूमाथि दुर्व्यवहार गर्ने व्यक्तिलाई नराम्रोसँग हकारिन् । त्यतिबेला उनको वरिपरि बसेका यात्रुहरूले साथ दिनु त कता हो कता उल्टो उनलाई नै नराम्रो दृष्टिले हेरे । नजिकै बस्ने केटी साथीले पनि उनको पक्षमा बोलिनन् । सुनिता भन्छिन्, "त्यसपछि त मैले नै गल्ती गरेँ कि जस्तो लाग्यो ।" आफू वरिपरि बस्नेहरूले त सहयोग नगरेपछि उनले सम्बन्धित ठाउँहरूमा उजुरी गरे पनि सजाय नहुने ठानिन् र चुपचाप सहँदै आइन् । विगत ४ वर्षदेखि उनले यस्तो समस्या भोग्दै आइरहेकी छन् ।

पुरुषले महिलामाथि अनेक यौनदुर्व्यवहार गर्छन् । उल्टो लज्जितचाहिं महिलाहरू नै बन्नुपर्ने प्रवृत्ति समाजमा विद्यमान छ । कति महिलाहरूले आफ्नो हकहित र सुरक्षाको आवाज उठाउँदा साथ दिनु त परै जाओस् पुरुषहरूले उल्टै महिलामाथि नै नकारात्मक एवं आपत्तिजनक व्यवहार गरेका उदाहरणहरू प्रशस्त भेट्न सकिन्छ ।

सार्वजनिक ठाउँ, त्यो पनि सवारी साधनहरूमा यात्रा गर्दा महिलाले धेरै किसिमका दुर्व्यवहार सहनुपरिरहेको छ । यस्तै पात्रमध्येकी एक हुन् भक्तपुरकी निशा । उनी राजधानीको रत्नराज्य क्याम्पसमा स्नातक तहमा अध्ययनरत छिन् । बिहानीको कक्षा सकिएपछि उनलाई कार्यालय पुग्नुपर्छ । धेरैको कार्यालय र विद्यार्थीहरू आवतजावत

*बस्ने ठाउँ कहिल्यै नपाइने । तर जति नै भीडभाड भए पनि उनलाई बसमा चढ्नुपर्ने बाध्यता छ । उनी भन्छिन्, "अफिस त जानैपर्‍यो । भीड भएजस्तो गरी ढेपिन आउने, शरीरमा टाँसिन आउने, संवेदनशील अङ्गहरूमा छुने, थाहा नपाएजस्तो गरी घचेट्नेजस्ता घृणित क्रियाकलाप लोग्नेमान्छेहरूबाट दैनिक नै हुन्छन् । तर के बोल्ने ? कसरी बोल्ने ? सबै मान्छेहरूको अगाडि आफ्नै बेइज्जत होला भन्ने डरले म केही बोल्दिनँ ।"*

गर्ने समय । बसमा यात्रुको बढ्दो भीड । बस्ने ठाउँ कहिल्यै नपाइने । तर जति नै भीडभाड भए पनि उनलाई बसमा चढ्नुपर्ने बाध्यता छ । उनी भन्छिन्, "अफिस त जानैपर्‍यो । भीड भएजस्तो गरी ढेपिन आउने, शरीरमा टाँसिन आउने, संवेदनशील अङ्गहरूमा छुने, थाहा नपाएजस्तो गरी घचेट्नेजस्ता घृणित क्रियाकलाप लोग्नेमान्छेहरूबाट दैनिक नै हुन्छन् । तर

के बोल्ने ? कसरी बोल्ने ? सबै मान्छेहरूको अगाडि आफ्नै बेइज्जत होला भन्ने डरले म केही बोल्दिनँ ।"

कार्यालय आउँदाको यो पीडाले निशालाई दिनभरि नै तनावग्रस्त बनाउँछ। कार्यालयको कामप्रति राम्रोसँग ध्यान नै जाँदैन। निशाकै जस्तो तनाव कोटेश्वरकी जमुनाले पनि भोगेकी छन्। कोटेश्वर-लगनखेलको रुटका सवारीसाधन प्रयोग गर्नु उनको दैनिकी हो। धेरैजसो अधबैंसे उमेरका, भलाद्मी देखिने पुरुषबाटै आफूले यस्ता खालका दुर्व्यवहार सहनुपरेको उनी बताउँछिन्।

जमुनाका अनुसार त्यस्ता पुरुषहरू नियतबस नै भीडभाडमा कोच्चिने गर्छन्। त्यस्ता व्यक्तिहरू खाली ठाउँ भए पनि त्यता नगई जतातिर महिलाहरू छन् त्यतैतिर टाँसिन आउँछन्। तै पनि अधिकांश महिला यसबारेमा प्रतिवाद गर्दैनन्।

सुनिता, निशा या जमुना। यीजस्तै धेरै महिला यो दुर्व्यवहारबाट अछुत छैनन्। तर खुलेर यसको प्रतिकारमा भने उत्रन सक्दैनन्। काठमाडौंकै नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्स एण्ड टेक्नोलोजीमा नर्सिङ्ग पहिलो वर्षमा अध्ययनरत रञ्जना शर्मा भन्छिन्, "यो समस्या त हामी तमाम महिलाले भोग्नुपरेको साझा समस्या हो नि।" बसमा मात्रै होइन कुनै कार्यक्रममा होस्, जनमासहरूमा उभिँदा होस्, एक्लै हिँड्नुपर्दा यस्ताखाले दुर्व्यवहारहरू भइनै रहन्छन्।

यस्ता धेरै घटनाहरूले पुष्टि गरेका छन्, केटीहरू अलि लज्जालु र आफ्नो कुरा स्पष्ट राख्न नसक्ने प्रवृत्तिले पनि यस्ता घटना बढेको पाइन्छ। कस्ती उत्ताउली रहिछ भन्लान् भन्ने डरले पनि धेरैजसो महिलाले यस्ता कुरा खोल्न र बोल्न चाहँदैनन्, विरोध पनि गर्दैनन्। जसले गर्दा पीडक मानसिकताका पुरुषले प्रोत्साहन पाउँछन्। र, यस्ता क्रियाकलापहरू बढ्दै जान्छन्।

नयाँ बसपार्कछेउ ४ वर्षयता मकै र भटमास बेच्दै आएकी ४२ वर्षीया कमलादेवीको व्यथा पनि त्यस्तै छ। गाउँमा बढ्दो गरिबी र सशस्त्र द्वन्द्वका कारण जीविकोपार्जनका लागि केही वर्षअघि उनी काठमाडौं छिरेकी हुन्। एक छोरी र लोग्नेसहितकी कमला बिहान ४ बजेदेखि राति १२ बजेसम्म बाहिरै हुन्छिन्। "कति मान्छेहरूले मलाई अपशब्द बोल्ने, शरीरको जुनसुकै भागमा छुन खोज्ने, चिमोट्ने, कतिले त रक्सी खाएर जबर्जस्ती गर्नसम्म पनि खोज्छन्। आजसम्म त भगवान्को कृपाले केही हुन पाएको छैन," उनी भक्कानिदै मनको वह पोख्छिन्।

*यस्ता मुद्दाहरू कति आउँछन् त ? ढुङ्गानाको जवाफ छ, "हामीले अझसम्म यस्ता मुद्दा हेर्न पाएकै छैनौं। दुःखलाग्दो कुरा के छ भने हाम्रा महिलाहरूले आजसम्म यस्तो मुद्दा लिएर आएकै छैनन्। फेरि आए पनि कानुन नबनीकन हामीले केही गर्न मिल्दैन।" यसै सम्बन्धमा महिला सेल कालिमाटी, काठमाडौंका इन्चार्ज मीरा चौधरी भन्छिन्, "यस्तो मुद्दालाई सार्वजनिक मुद्दा ऐनअन्तर्गत लगाउन त सकिन्छ तर साह्रै अप्ठेरो हुन्छ। प्रमाण जुटाउनका लागि झन् समस्या हुन्छ।"*

कोटेश्वरको पेटीमा विगत ३ वर्षदेखि ठेलामा चियाखाजा बेच्दै आइरहेकी २४ वर्षीया सावित्री लामा भने एक वर्षदेखि यस्तो दुर्व्यवहारबाट मुक्त छिन्। पहिलेपहिले त सावित्रीले पनि धेरै सहिन् यस्तो दुर्व्यवहार। तर, जब उनको अगाडि काम छोडेर पलायन हुनुपर्ने अवस्था आयो, तब उनले त्यस्ता पुरुषसँग लड्ने विचार गरिन्। सडकमा बसेकी त हो नि, जे गरे पनि हुन्छ भनेर यौनदुर्व्यवहार गर्नेहरूलाई सबक सिकाउन सावित्रीले उपाय रोजिन्। प्रतिवाद गर्दै गएपछि उनमा साहस पनि थपिँदै गयो। उनी भन्छिन्, "अहिले त त्यो समस्या टरेको छ। सहेर बस्यो भने झन् हेप्छन्, सहनुहुँदैन। त्यसैले मान्छे हेरेर व्यवहार गर्न सिक्नुपर्ने रहेछ।"

त्यसो त सार्वजनिक सवारीसाधनबाहेक काम गर्ने ठाउँमा पनि यस्ता दुर्व्यवहार हुने गरेको कुरा पीडितहरू बताउँछन्। गलैंचा कारखानामा काम गर्ने माहिली तामाङ त्यसको एक उदाहरण हुन्। काठमाडौं जोरपाटीको गलैंचा कारखानामा काम गर्ने १६ वर्षीया तामाङ कारखानाकै एक कामदारबाट झन्डै बलात्कृत भएकी थिइन्। उक्त कारखानामा काम गर्ने अन्य साथीको सहयोग र सहमतिमा उनले केलाङ लामा नामक त्यस व्यक्तिलाई कालिमाटी महिला सेलमा उजुरी हालिन्। तर उनले न्याय भने अहिलेसम्म पाएकी छैनन्। माइलीका अनुसार त्यस गलैंचा

कारखानामा काम गर्ने धेरै महिला कारखानाका मालिक र कामदार पुरुषबाट पीडित छन् । उनी भन्छिन्, "सबै टाढा गाउँदेखि आएका हुन्छन् । फेरि यस्तो कुरामा बोल्यो भने आफ्नो पनि बेइज्जत हुने र कामबाट समेत निकालिने डरले खुलेर कोही आफ्नो समस्या भन्न सक्दैनन् ।"

सार्वजनिक स्थान, कार्यालय, कारखानालगायतका ठाउँमा हुने दुर्व्यवहारबाट दिनहुँ सताइएका महिलाहरू न्यायका लागि कहाँ जाने ? यसको कानुनी उपचार छ कि छैन ? धेरै सर्वसाधारण, सोझा महिलालाई यसबारे थाहा छैन ।

अधिवक्ता मीरा ढुङ्गाना भन्छिन्, "महिलामाथि हुने यस्ता दुर्व्यवहारका विरुद्ध कुनै कानुन बनेकै छैन ।" ढुङ्गानाका अनुसार वैकल्पिक विधेयक त तयार भइसकेको छ । तर संसद्बाट पारित हुन बाँकी छ । संसद्बाट पारित गरिनुपर्छ भनेर चौतर्फी प्रयास जारी भए पनि यसका लागि महिला अधिकारवादीले अझै पनि न्यायको ढोका घच्घच्याउने काम भने जारी नै राख्नुपर्ने उनको राय छ ।

यस्ता मुद्दाहरू कति आउँछन् त ? ढुङ्गानाको जवाफ छ, "हामीले अझसम्म यस्ता मुद्दा हेर्न पाएकै छैनौं । दुःखलाग्दो कुरा के छ भने हाम्रा महिलाहरूले आजसम्म यस्तो मुद्दा लिएर आएकै छैनन् । फेरि आए पनि कानुन नबनीकन हामीले केही गर्न मिल्दैन ।"

यसै सम्बन्धमा महिला सेल कालिमाटी, काठमाडौंका इन्चार्ज मीरा चौधरी भन्छिन्, "यस्तो मुद्दालाई सार्वजनिक मुद्दा ऐनअन्तर्गत लगाउन त सकिन्छ तर साह्रै अप्ठेरो हुन्छ । प्रमाण जुटाउनका लागि झन् समस्या हुन्छ ।" यस्ता महिलालाई सबैले साथ दिए भने उनीहरूमा आत्मविश्वास जाग्ने र आफ्नो कुरा राख्न सक्ने उनी बताउँछिन् ।

महान्यायाधिवक्ताको कार्यालय काठमाडौंका उपन्यायाधिवक्ता ऋषिराम वाग्लेको तर्क छ, "मुख्य कुरा त कानुन नै नभएपछि कसरी कारबाही गर्ने ?"

□□□

सञ्चारिका लेखमाला/सञ्चारिका समूह

# पीडित महिलालाई मल्हम

**पहिले कतै श्रीमान्ले श्रीमती मार्‍यो, कतै सासूससुराले बुहारी मारेजस्ता घटनाहरू दोहोरिइरहन्थे । महिलाहरू ज्यानै जाने यातना र खप्नै नसक्ने पीडा पाउँदा पनि चुप लागेर बस्थे । तर अहिले समयको परिवर्तनसँगै महिलाहरू जाग्न थालेका छन् र घरेलु हिंसाविरुद्ध संगठित पनि हुँदै गएका छन् । रुपन्देहीको फर्साटिकट गाविसका महिला पनि घरेलु हिंसाविरुद्ध संगठित भएका छन् ।**

**✍ पविता पौडेल**

**रूपन्देही**/ "घरमा भएको भए यतिखेरसम्म मेरो ज्यान गइसक्थ्यो, माइतमा बसेर धन्न ज्यान त जोगिएको छ ।" यो भनाइ घरेलु हिंसापीडित महिला सीता बस्याल (नाम परिवर्तन) को हो ।

सीताको विवाह बुटवल गोलपार्कका एक व्यक्तिसँग भएको थियो । विवाहअघि केटाकेटीबीच देखभेटसम्म पनि भएको थिएन । सीतालाई विवाहपछि सासू, ससुरा र घरका अन्य सदस्यबाट कडा यातना सहनुपर्‍यो । विवाहपछि सीतालाई पिट्ने, घरबाट निकालिदिने धम्की परिवारले दिन थाले । लोग्नेले पनि आँखामा घोचिदिनेजस्ता दुर्व्यवहार गर्न थाले ।

"लोग्नेको नाम बताएँ भने मलाई अंश पनि दिँदैनन् होला, त्यसैले अंश नपाउन्जेल नाम पनि बाहिर नल्याऊँ होला," सीताले भनिन् । अंश गुम्न सक्छ भन्दै सीताले आफ्नो श्रीमान्को नाम भने बताउन चाहिनन् । उनका लोग्नेले १० कक्षासम्म पढेका छन् ।

इच्छाविपरीत विवाहमा फसाइएको पीडा त उनलाई एकातिर छँदैथियो । अर्कातिर घरमा उनलाई दिइएको कडा यातना सहिनसक्नु थियो । त्यसैकारण

उनी एक वर्षपछि माइती घरमा बस्न गइन् । उनको पाँचवर्षे एक छोरा पनि छ । सीता माइतीमा बस्न थालेको आठ वर्ष बितिसक्यो ।

झुक्याएर विवाह गरेका कारण श्रीमतीले छोडेर जान सक्छे भन्दै उनका लोग्नेले, “जस्तो मेरो आँखा छ तेरो पनि त्यस्तै बनाइदिन्छु” भन्दै आँखा घोचेर फुटाइदिन खोज्ने प्रयास गरेको सीताको भनाइ छ । यातनाले गर्दा उनी अहिले पनि राम्रोसँग आँखा देख्न सक्दिनन् । “यसले सबै सम्पत्ति कुम्ल्याउँछे” भन्दै घरबाट निस्कन दबाब दिँदै पिटिएको पनि उनले बताइन् ।

उनले एक वर्ष पहिला बुटवलको पुनरावेदन अदालतमा अंशसम्बन्धी मुद्दा हालेकी थिइन् । तर, मुद्दाको कुनै फैसला भएन । सीताको घरपरिवार बुटवल छोडेर भारतमा बस्न थालेको करिब डेड वर्ष भयो । सोही कारणले उनको मुद्दा फैसला हुन नसकेको सीता बताउँछिन् । घरपरिवार कहिले बुटवल फर्केलान् र अंश लिउँला भनेर सीता कुरेर बसेकी छन् । उनले सहकारी संस्थाबाट सात हजार ऋण लिएर कस्मेटिक पसल राखेकी छन् । कस्मेटिक पसलेले मात्र छोरा पढाउन नसक्ने देखेपछि उनले घरबाट अंश लिनका लागि अदालतमा मुद्दा हालेकी थिइन् ।

घरेलु प्रताडनाको पेच र स्वाभिमानी स्वभावले गर्दा सीता चुप लागेर बस्न सकिनन् । फर्सातिकट गाविस वडा ९ माइत भएकी उनले गाउँमा पनि आफूजस्तै धेरै महिला देखेपछि उनीहरूलाई संगठित हुन प्रेरित गरिन् । आफ्नै अध्यक्षतामा मिलिजुली नामक समूह खोलिन् र घरेलु हिंसापीडित महिलाहरूलाई जम्मा गरी सबैलाई संगठित बनाउने अभियानमा कटिबद्ध भइन् । अहिले रूपन्देहीको फर्सातिकटमा मात्रै पनि घरेलु हिंसापीडित महिलाका दुईवटा संगठन खोलिएका छन् । आफूहरूले संगठन खोलेपछि सौराहा फर्सातिकट वडा १ लगायत आठ गाविसमा धेरै परिर्वतन आएको उनी बताउँछिन् ।

रूपन्देहीको मोतीपुर गाविस वडा ४ मोतीपुर गाउँकी ज्ञानमती बुटवल चाउचाउ फ्याक्ट्रीमा काम गर्थिन् । चाउचाउ फ्याक्ट्री घाटामा गएपछि साहुले ज्ञानमतीको नौ महिनाको तलब रोक्का गरिदियो । तर ज्ञानमती समूहमा बसेपछि उनको समूह र अन्य २ त्यस्तै समूह गएर साहुको फ्याक्ट्रीलाई घेरा हाले । त्यसपछि त उनले २ वर्ष रोकिएको तलब पनि पाइन् ।

*उनले एक वर्ष पहिला बुटवलको पुनरावेदन अदालतमा अंशसम्बन्धी मुद्दा हालेकी थिइन् । तर, मुद्दाको कुनै फैसला भएन । सीताको घरपरिवार बुटवल छोडेर भारतमा बस्न थालेको करिब डेड वर्ष भयो । सोही कारणले उनको मुद्दा फैसला हुन नसकेको सीता बताउँछिन् । घरपरिवार कहिले बुटवल फर्केलान् र अंश लिउँला भनेर सीता कुरेर बसेकी छन् ।*

त्यसैगरी फर्सातिकट गाविस वडा नं. ६ सिंघारी टोलकी तिजा धोवीका श्रीमान्ले कान्छी श्रीमती बिहे गरेपछि तिजालाई पिट्ने, गाली गर्ने गर्थे । तर तिजा समूहमा बसेर ‘तिमीले मलाई मारे पनि मेरो समूहले तिमीलाई छोड्दैन’ भनेपछि उनीमाथि हुने दुर्व्यवहार घटेको छ । उनका श्रीमान्ले अहिले उनी बस्ने भत्किएको घर मर्मत गर्ने, आर्थिक र अन्य सहयोग गर्ने गरेका छन् । “पहिला-पहिला दिनदिनै कुटाइ खानुपर्थ्यो, अहिले आनन्द छ,” तिजाले भनिन् । समूह बनेपछि गाउँमा यस्ता धेरै परिवर्तन भएका उदाहरणहरू छन् ।

संगठन विस्तारको क्रमसँगै गाउँहरूमा घरेलु हिंसाविरुद्ध चेतनाको नयाँ लहर आएको परिवार नियोजन संघ बुटवलका प्रबन्ध निर्देशक दिनेशकुमार जोशी बताउँछन् । संघले त्यस्तो कार्यको अगुवाइ गरेको छ ।

पहिलाको पृष्ठभूमि कोट्याउने हो भने महिला हिंसाका घटना धेरै देख्न, सुन्न पाइन्थ्यो । कतै श्रीमान्ले श्रीमती मार्‍यो, कतै सासूससुराले बुहारी मारेजस्ता घटनाहरू दोहोरिन्थे । महिलाहरू ज्यानै जाने यातना र खप्नै नसक्ने पीडा पाउँदा पनि चुप लागेर बस्थे । तर समयको परिवर्तनसँगै अहिले महिलाहरू जाग्न थालेका छन् र घरेलु हिंसाविरुद्ध संगठित पनि भएका छन् ।

फर्सातिकट गाविसकी स्वास्थ्य स्वयंसेविका माया चौधरीले भनिन्, “हामीहरू घरेलु हिंसाविरुद्ध जुटेपछि महिलामाथि हुने कुटपिटका व्यवहार कम भएका छन् ।”

फर्सातिकट गाविसमा हिंसाविरुद्ध संगठित

*घरेलु प्रताडनाको पेच र स्वाभिमानी स्वभावले गर्दा सीता चुप लागेर बस्न सकिनन् । फर्साटिकट गाविस वडा ९ माइत भएकी उनले गाउँमा पनि आफूजस्तै धेरै महिला देखेपछि उनीहरूलाई संगठित हुन प्रेरित गरिन् । आफ्नै अध्यक्षतामा मिलिजुली नामक समूह खोलिन् र घरेलु हिंसापीडित महिलाहरूलाई जम्मा गरी सबैलाई संगठित बनाउने अभियानमा कटिबद्ध भइन् । अहिले रूपन्देहीको फर्साटिकटमा मात्रै पनि घरेलु हिंसापीडित महिलाका दुईवटा संगठन खोलिएका छन् ।*

भएका महिलाहरू महिनाको एकपटक बैठक बस्छन् । उनीहरूले महिलामा हुने हिंसा, उनीहरूको समस्याबारे, को, कसबाट पीडित छन् ? र, उनीहरूको समस्या कसरी समाधान गर्ने ? भन्नेबारेमा छलफल गर्ने गरेको मिलिजुली संगठनकी कोषाध्यक्ष विष्णु पोखेलले बताइन् । "पहिला हामी घरमा पनि खुलेर बोल्न सक्दैनथ्यौं तर अहिले समाजमा पनि खुलेर बोल्न सक्ने भएका छौं । हामीले धेरै महिलाको घरेलु समस्या पनि मिलाइदिएका छौं," पोखेलले भनिन् । सोही गाउँकी माया चौधरीले भनिन्, "गाउँमा दिनहुँ श्रीमती कुट्नेलाई कारबाही गरेर सुधारेका छौं ।"

घरेलु हिंसा भएको घरमा गएर घरका परिवारलाई सम्झाउने, बुझाउने र सम्झाउँदा पनि नमान्नेलाई समूहमा ल्याई विभिन्न किसिमका चेतावनी दिई कारबाही गर्ने गरेको कोषाध्यक्ष विष्णुले बताइन् । उनले आफूहरूलाई त्यसरी घरेलु हिंसाविरुद्ध संगठित हुन नेपाल परिवार नियोजन संघ बुटवलले प्रेरणा दिएको बताइन् ।

नेपाल परिवार नियोजन संघ बुटवलका सहजकर्ता कल्पना थापाले आफूहरू घरेलु हिंसापीडित संगठन विस्तारमा लागेको बताइन् । र, अहिलेसम्म आठवटा गाविसमा १६ वटा समूह निर्माण गरेको बताइन् । उनका अनुसार यस्ता कामले समाजमा महिला हिंसामा कमी आइरहेको छ ।

कल्पना अरू विभिन्न संघसंस्थालाई पनि यस्तै अभियान थाल्न आग्रह गर्छिन् । समाजमा राजनीतिक र कानुनी मान्यताहरू दिनहुँ परिमार्जन भइरहेका छन् तर महिलामाथि हुने घरेलु हिंसाको जड यथावत् छ । घरेलु हिंसाबाट महिला पीडित हुनुको मुख्य कारण पुरुषप्रधान सामाजिक संरचना भएको बताउँदै अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय सदस्य कल्पना धमला महिलाहरूले घरेलु हिंसाबाट मुक्ति पाउन पुरानो पुरुषप्रधान संरचनामा परिवर्तन ल्याउनुपर्ने बताउँछिन् ।

समाजको संस्कृति नै महिलालाई दबाउने खालको छ भन्दै पत्रकार महासंघ रूपन्देहीका सभापति डी.आर. घिमिरे भन्छन्, "महिलाहरू मुक्तिका लागि आफैं जाग्नुपर्छ र संगठित हुनुपर्छ ।"

घरेलु हिंसाबाट जोगिन महिलाहरूमा शिक्षा र स्वतन्त्रताको आवश्यकताा हुनुपर्ने तर्क बुद्धिजीवीहरूको छ । अधिवक्ता रत्ना श्रेष्ठको धारणा छ, "जबसम्म महिलाहरू आफैं चेतनशील र जागरुक बन्दैनन्, तबसम्म यस्ता समस्या समाधान हुन सक्दैनन् ।" उनको भनाइमा घरेलु हिंसाविरुद्ध सुरु भएको महिलाहरूको सक्रियता र संगठन आशाको केन्द्र हो । त्यस्तो कार्यलाई अरूले पनि अनुशरण गर्नुपर्दछ ।

□□□

सञ्चारिका लेखमाला/सञ्चारिका समूह

# अझै फर्केनन् द्वन्द्वपीडितका दिन

**देशमा विगत १२ वर्षदेखि चर्किएको द्वन्द्वले धेरै नेपालीले ज्यान गुमाए । राज्य र तत्कालीन विद्रोही पक्ष नेकपा माओवादी यतिबेला शान्तिवार्ताका लागि जुटेका छन् । वार्ताले शान्ति ल्याउँछ कि ल्याउँदैन हेर्न बाँकी छ । तर राज्य र माओवादीले मारेका परिवारको त्यो आलो घाउ भने अझै ओभाएको छैन । दुवै पक्षबाट मारिनेमध्येमा धेरै पुरुष छन् । घरको मुली जसको आधारमा परिवार चलेको थियो ऊ नै मारिएपछिको स्थितिको कल्पना नै गर्न गाह्रो छ । त्यसको सबैभन्दा बढी पीडा महिलाले नै भोग्नुपरेको छ । यस्ता पीडा थाहा पाउन ताप्लेजुङकी जमुनाको दैनिक हेरे मात्र पुग्छ । अब सरकार र माओवादीले थप जमुना हुन नदिउन् भन्ने कामना यी ताप्लेजुङबासीले गरेका छन् ।**

**✍ सीता निरौला**

ताप्लेजुङ / गत वर्ष माओवादीले चाँगे र फुङलिङ सदरमुकाम जोड्ने दोभानको पुलमा थापेको धरापमा परी डारिन्जेन शेर्पाको मृत्यु भयो। साँघु गाविस-८ खाम्सादेनका शेर्पाको मृत्युपछि उनकी ३४ वर्षीया श्रीमती जमुनाको जीवनमा सङ्कट मात्र आइपरेका छन्। घरमा उनको रातको चार घन्टा मात्र बास हुन थालेको छ। ०६३ पुस ८ गते राति सदरमुकाम फुङलिङबाट भारी बोकेर जाँदै गर्दा उनका ३५ वर्षीय पति डारिन्जेनको माओवादी धरापमा परी मृत्यु भएको हो।

चार वर्षदेखि १५ वर्षबीचका उनका सात लालावालालाई घरमा छोडेर ढुङ्गा र बालुवाको भारी खेप्न गएपछि रातको नौ बजे घर आइपुग्छिन् उनी। दोभानपारिको उकालो बाटोमा ५० किलोको भारी बोकेर खाली खुट्टा हिँड्नु जमुनाका लागि सामान्य भएको छ। माओवादीले गरेको चारमहिने युद्धविरामको समयमा विद्यालयको सामान लिन गएका डारिन्जेन माओवादी धरापमा परेका थिए।

जमुना शरीरले थाम्न नसक्ने गरी भारी बोक्छिन्। तैपनि छोराछोरीलाई पेटभरि खान र एकसरो लुगा दिन सकेकी छैनन् न त स्कुलमा भर्ना नै गर्न सकेकी छिन्।

पतिको किरिया नसकिँदै भारी बोक्न थालेकी जमुनालाई सरकारले क्षतिपूर्तिस्वरूप दिने गरेको डेढ लाखका नाममा अहिलेसम्म एक पैसा पनि हात नपरेको बताइन्।

क्षतिपूर्तिकै लागि १५ पटकसम्म जिल्ला प्रशासन कार्यालय र मानवअधिकारवादी संघसंस्थाको

*पतिको किरिया नसकिँदै भारी बोक्न थालेकी जमुनालाई सरकारले क्षतिपूर्तिस्वरूप दिने गरेको डेढ लाखका नाममा अहिलेसम्म एक पैसा पनि हात नपरेको बताइन् । क्षतिपूर्तिकै लागि १५ पटकसम्म जिल्ला प्रशासन कार्यालय र मानवअधिकारवादी संघसंस्थाको ढोकासम्म धाएकी पीडित जमुनाले भनिन्, "मलाई झन्झट मात्र दिए । जिल्ला प्रशासन कार्यालयले 'काम हुँदैछ क्षतिपूर्ति पाउनुहुन्छ' भनेको पनि आठ महिना बितिसक्यो ।"*

ढोकासम्म धाएकी पीडित जमुनाले भनिन्, "मलाई झन्झट मात्र दिए। जिल्ला प्रशासन कार्यालयले 'काम हुँदैछ क्षतिपूर्ति पाउनुहुन्छ' भनेको पनि आठ महिना बितिसक्यो।"

उता शेर्पाको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन गृह मन्त्रालयबाटै पहल भइरहेको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी हिमनाथ दवाडीले दाबी गरे। माओवादीकै कारण उनको पतिको मृत्यु भए पनि

अहिलेसम्म माओवादीले पनि सहयोग नगरेको उनले बताइन् । सहयोग गर्न नसके पनि माओवादी जिल्ला सेक्रेटरी राजनले युद्धविरामको समयमा पार्टीबाट भएको गल्तीलाई स्वीकार्दै आफूहरूको उनीहरूसँग कुनै बदलाको भावना नभएको बताए ।

भारी बोक्ने काम पाउँदाको दिन त डेढ सय रुपैयाँ कमाउने गरेको उनले बताइन् । जसोतसो दिनभरि भारी बोकोर छोराछोरीको सास धानेकी छन् जमुनाले । तर कहिलेकाहीँ त घर पुग्दा उनका सबै छोराछोरी कोही सिकुवामा निदाइरहेका भेटिन्छन्, कोही रुँदै बसिरहेका हुन्छन् । आमा आउने बाटो हेरेर बसिरहेका यी नानीहरूलाई पेटभरि पनि खान पुग्दैन । भोकले खप्न नसकेपछि नानीहरू दिउँसो कहिले गिट्टा भ्याकुर खोज्न जान्छन् त कहिले छिमेकीको घरमा । कहिले त दिनभरि भारी खेप्दा-खेप्दा थकित भएकी आमाले बेलुका पनि भात पकाएर दिन नसक्दा यी नानीहरू भोकले छट्पटाउँदै धेरैपटक रात बिताएका छन् ।

उनी स्थानीय दावङ्दी शेर्पाको घरमा भाडा तिर्दै बसेकी छन् । तर चार महिनादेखि भाडा बुझाउन नसक्दा साहुले बारम्बार घरबाट निस्कने चेतावनी दिइरहेका छन् ।

आँसु झार्दै उनी भन्छिन्, "साहुलाई कसरी तिर्नु घरभाडा ?" आफ्नो अंश, घर, जग्गा केही नभएका उनका पति डारिन्जेनले चार वर्षदेखि सोही घरमा वर्षको ६ हजार रुपैयाँ भाडा तिरेर राख्दै आएका थिए ।

उनको जेठो छोरो मिङ्मातार्के शेर्पाको दाउराले दश वर्षअघि आँखा घोचेपछि सधैँभरिका लागि अन्धो बनेका छन् ।

माओवादीले थापेको उक्त धरापमा ढुङ्गेसाँघु गाविस-८ स्थित गंगा प्राथमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्ष फुर्वा शेर्पाको समेत मृत्यु भएको थियो । उनको परिवारले पनि दुवै तर्फबाट हालसम्म क्षतिपूर्ति पाएको छैन ।

फावाखोला-७ की शर्मिला बेघाका सेनामा जागिरे पति पहलमान तामाङलाई ससुराली आएको बखत माओवादीले घाँटी रेटी हत्या गरे । धनकुटा घर भएका पहलमान तामाङलाई ०५९ साल भदौ ९ गते माओवादीले आफ्नो नियन्त्रणमा लिएर मारेका थिए । पहलमानकी कान्छी पत्नी शर्मिलाबाट तामाङ मारिएको एक महिनापछि छोरा जन्मिएको छ । छोरालाई बाबुसमेत चिनाउन नपाएकी शर्मिला अहिले ज्यादै सङ्घर्षमय जीवन गुजारा गर्दै आएकी छिन् ।

*भारी बोक्ने काम पाउँदाको दिन त डेढ सय रुपैयाँ कमाउने गरेको उनले बताइन् । जसोतसो दिनभरि भारी बोकोर छोराछोरीको सास धानेकी छन् जमुनाले । तर कहिलेकाहीँ त घर पुग्दा उनका सबै छोराछोरी कोही सिकुवामा निदाइरहेका भेटिन्छन्, कोही रुँदै बसिरहेका हुन्छन् । आमा आउने बाटो हेरेर बसिरहेका यी नानीहरूलाई पेटभरि पनि खान पुग्दैन । भोकले खप्न नसकेपछि नानीहरू दिउँसो कहिले गिट्टा भ्याकुर खोज्न जान्छन् त कहिले छिमेकीको घरमा ।*

स्थानीय समाज र आफ्नै माइतीबाट सहानुभूति नपाएकी शर्मिलालाई पतिको मृत्युपछि बेवारिसे बच्चा जन्माएको भनेर होच्याउने गरिएको छ । उनी भन्छिन्, "घर जाऊँ त श्रीमान् छैनन्, माइतै बसौँ त सधैँ घर बस्न नदिएपछि आपतमा परियो ।" समाजमा विधवा महिलालाई होच्याउने पुरानो संस्कारको कारण उनी अहिले काखमा नानी च्यापेर सदरमुकाम फुङलिङमा गिटी कुट्दै जीविका चलाउँछिन् । राज्यले समेत बेवास्ता गरेको शर्मिलाका लागि सुरक्षाकर्मीको पत्नी हुनु नै ठूलो अपराध भएको छ । फुङलिङ-२ की लीला निरौलाको पनि समस्या यो भन्दा फरक छैन । १५ वर्षको उमेरमा विवाह गरेर आएकी लीलाको २० वर्षको उमेर नपुग्दै सिउँदोको सिन्दूर पुछिएको छ माओवादीले नारदप्रसाद निरौलालाई मारेपछि । निरौला सिकैचा माविमा शिक्षण पेशामा कार्यरत थिए । उनलाई ०५९ भदौमा माओवादीले नियन्त्रणमा लिएर अंगभंग बनाई गोली हानी मारेका थिए ।

दुई छोराछोरीको साथमा एकल जीवन बिताइरहेकी लीलाले कसैसँग बोल्दा पनि समाजले आँखा तरेर हेर्ने गरेको बताइन् । लाउँलाखाउँलाको उमेरमा पतिवियोगको व्यथा सुनाउँदै उनी भन्छिन्, "समाजका तीता वचन र शंकालु कुराहरू मलाई निल्नु न ओकल्नु भइसकेका छन् ।"

०६० साल साउन २५ गते घरमै आएर सुरक्षाकर्मीले आफ्नै आँखाअगाडि २१ वर्षीय पति हर्कबहादुर थापालाई हत्या गरेको दिन खोक्लिङ गाविस-३ बस्ने देवी थापाले अझैसम्म बिर्सेकी छैनन् । छोरीको न्वारानसम्म गर्न नपाउँदै पतिलाई सुरक्षाकर्मीले माओवादीको आरोपमा गोली हानेर मारेको पीडित थापाले रुँदै बताइन् । आफू सुत्केरी अवस्थामा रहेको बेला सुरक्षाकर्मीले थापालाई मार्दा जिन्दगीमै नपाएको दुःख व्यहोर्नुपरेको सम्झँदा अहिले पनि भक्कानो फुटेर आउने गरेको उनले बताइन् । थापालाई माओवादीले जबर्जस्ती पार्टी समर्थक बनाएका थिए । लाउँलाखाउँलाको कलिलो उमेरमा लोग्नेको दुःखद् मृत्युपछि १९ वर्षको उमेरमा विधवा बनेकी थापाको जीवनमा थुप्रै सङ्कट र अभावहरू आइपरेका छन् । पतिको शरीर ढलेपछि उनले समाजबाट आउने नराम्रा आरोप र षडयन्त्रका कुरा सुनाउँदै भनिन्, “सिन्दूर, पोतेसँगै मेरो जीवनबाट सबैथोक खोसिकएका छन् ।” माओवादीले पतिको किरिया गर्न दिएको दुई मुरी धानबाहेक हालसम्म सरकार-माओवादी दुवैतर्फबाट क्षतिपूर्तिको नाममा केही पाएकी छैनन् । पीडित थापा हाल तीन वर्षकी छोरी लिएर पाँचथरको अमरपुरस्थित माइती घरमा आश्रय लिन पुगेकी छिन् ।

खोक्लिङ गाविस-८ की इन्दिरा बगाले पनि बाबुको मृत्युसँगै आपतमा परेकी छिन् । उनका बाबु घनेन्द्र बगालेलाई घरैमा आएर माओवादीको आरोपमा सुरक्षाकर्मीले गोली हानेपछि १७ वर्षको उमेरमै सङ्घर्ष गर्नुपरेको छोरी इन्दिरा बताउँछिन् । सरकार र माओवादी दुवैतर्फबाट क्षतिपूर्ति प्राप्त नभएपछि विधवा आमाले आफूलाई स्कुल ड्रेस र कपी-कलम पनि किनिदिन नसकेको उनले बताइन् । सहयोगका लागि पटक-पटक माओवादीसँग अनुरोध गरे पनि समस्या ज्युँकात्युँ भएको इन्दिरा बताउँछिन् । चारजना छोराछोरी भएका घनेन्द्रलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले ०५९ साल असोज १६ गते घरमै आएर हत्या गरेका थिए । उनको मृत्युसँगै जीवनयापनका लागि बगाले परिवारमा रहेका चार-पाँचजनाको जिन्दगी सङ्घर्षमय बन्न थालेको छ ।

*जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको तथ्याङ्कअनुसार ताप्लेजुङमा ०५८ सालयता राज्यपक्षबाट ६२ जना र माओवादीतर्फबाट २६ जना गरी ८८ जनाको हत्या भएको छ । तीमध्ये माओवादीद्वारा मारिएका १९ जनाका विधवा महिलालाई जनही डेढ लाख रुपैयाँको दरले क्षतिपूर्ति उपलब्ध गराएको जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले जनाएको छ । तर, माओवादीको आरोपमा राज्यपक्षबाट मारिएकाले भने क्षतिपूर्ति पाएका छैनन् ।*

जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको तथ्याङ्कअनुसार ताप्लेजुङमा ०५८ सालयता राज्यपक्षबाट ६२ जना र माओवादीतर्फबाट २६ जना गरी ८८ जनाको हत्या भएको छ । तीमध्ये माओवादीद्वारा मारिएका १९ जनाका विधवा महिलालाई जनही डेढ लाख रुपैयाँको दरले क्षतिपूर्ति उपलब्ध गराएको जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले जनाएको छ । तर, माओवादीको आरोपमा राज्यपक्षबाट मारिएकाले भने क्षतिपूर्ति पाएका छैनन् । सरकारले त्यस्ता परिवारलाई क्षतिपूर्ति दिने व्यवस्था नगरेका कारण जिल्ला प्रशासनले क्षतिपूर्ति दिलाउन नसकेको प्रजिअ दवाडीले बताए ।

□□□

सञ्चारिका लेखमाला/सञ्चारिका समूह

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह